**राष्ट्रिय योजना आयोगको आर्थिक समृद्धि कार्यक्रम सम्वन्धी यसमन्त्रालयको प्रगति विवरण मिति २०६९।४।८**

१. निर्देशिकाको पेज नं ३० को सि. नं ३ मुताबिक सूचना प्रबिधिको बिकास गर्ने बिषयमा यस मन्त्रालयमा म्यानेजम्याण्ट सूचना प्रणाली (MIS) लागू गर्न गत बर्ष देखि नै रु. ७९ लाख बजेट छुट्याई कन्सल्टेण्ट नियुक्त गरी मंत्रालयमा नै काम भैरहेको छ । यो काम आगामी २०७० साल बैशाखमा मात्र संपन्न हुने भएकोले सो को बिस्तृत प्रगति बिबरण आगामी प्रतिवेदनमा दिईनेछ ।

२. निर्देशिकाको पेज नं ४९ को सि. नं ५ मुताबिक आआफ्नो क्षेत्रको अनुसन्धान र बिकासको बिषयमा यस मन्त्रालयमा रहेको साबिकको रेकर्ड अनुसार द्वण्द्वमा मृत्युबरण गरेका १७,८८३ जना ब्यक्तिका हकदार मध्येमा गत बर्ष सम्ममा करिब ३५०० जनाका हकदारहरुले रु. १ लाख राहत लिन नआएकोमा सो संख्यमा यस बर्ष झन बढोत्तरी भई करिब ३,९०० पुग्ने प्रारम्भिक रफ अनुमान भएकोले सो को ट्रेसिंग गरी यथार्थ पत्ता लगाउने काम मन्त्रालय मातहतको छुट्टै निकाय श्री शान्ति प्रकिया सहयोग आयोजना (EPSP) सिंहदरबारबाट भैरहेको छ ।

३. शिबिरबाट बिदा भएका लडाकुहरुको बर्तमान अबस्था बारेमा अनुसन्धान गर्ने काम भै हेको छ ।

४. सरकारका हरेक काममा शान्ति संवेद्यता होस भनी शान्ति संवेद्य अवधारण पत्र तयार गर्ने काम भै रहेको छ ।

५. मन्त्रालयका कर्मचारीको क्षमता बिकास गर्न Training Need Assessment भै रहेको छ ।

६. निर्देशिकाको पेज नं ५४ को सि. नं १२ मुताबिक आर्थिक अनुशासनको पालनाको हकमा यस बर्ष मात्र यस मन्त्रालयले रु. ५२ करोड ५५ लाख ७३ हजार बेरुजु फछर्यौट गरी लक्ष्यको ६४ प्रतिशत प्रगति गरेकोले सम्बन्धित कर्मचारीहरुलाई कसरी पुरस्कार दिने भन्ने बिषयमा बिचार भैरहेको छ ।

७. निर्देशिकाको पेज नं ५४ को सि. नं १३ मुताबिक सार्बजनिक खर्चमा मितव्ययिता सम्बन्धी द्वैमासिक प्रगति बिबरण त्यस सचिवालयमा नियमत रुपमा बिद्युतीय प्रति समेत पेश भैरहेको ब्यहोरा अनुरोध गर्दै उक्त बिषयको प्रगति निम्नानुसार रहेको ब्यहोरा सादर अनुरोध गर्दछु ।

**मितव्ययिता कार्यक्रम लागू भएपछि मन्त्रालयमा भएका सकारात्मक सुधारहरु यस प्रकार छन् ।**

१. कार्यालयका मेशिन तथा उपकरण समयमा मरमत गरी चालु अवस्थामा राखेको ।
२. विद्युतको विल समयपूर्व तिरी रिवेट लिने परम्परा वसाएको ।
३. पानीको विल समयपूर्व तिरी रिवेट लिने परम्परा वसाएको ।
४. कार्यालयमा प्राकृतिक उज्यालो भएको अवस्थामा विद्युतको दुरुपयोग पूर्ण रुपमा वन्द भएको ।
५. कार्यालयका धारा तथा विजुली खुला राखी श्रोतसाधनको दुरुपयोग हुन नदिन अफिस सुपरभाईजर तोकिएको र सुपरभाईजरले कर्मचारीलाई पृष्ठपोषण दिने ब्यबस्था गरिएको ।
६. इन्धनको कोटा तोकी कोटानुसारको मात्र खर्च गरी ईन्धनको दुरुपयोग नियन्त्रण गरिएको ।
७. उपसचिव र सोभन्दा मुनिका पदाधिकारीले मात्र एउटै गाडीको प्रयोग संयुक्त रुपमा गर्ने परम्परा वसाएको ।
८. कार्य कक्षमा कर्मचारी नहुँदा ए.सी, पंखा, हिटर र कम्प्युटर वन्द गर्ने गरिएको ।
९. पत्रको खेस्रा गर्दा रद्दी कागजमा गर्ने गरिएको ।

**मितव्ययिता कार्यक्रम लागू भए पनि सूचकले देखाउने गरी बस्तुगत रुपमा देहायका कुरामा परिवर्तन भएको नेदेखिएको व्यहोरा समेत सादर अनुरोध गर्दछु ।**

१. पानीको महसूलको खर्च रकम विगतको भन्दा बढेको छ ।
२. विद्युतको महसूलको खर्च रकम विगतको भन्दा बढेको छ ।
३. इन्धनको वजेट खर्च विगतको भन्दा बढेको छ ।
४. मसलन्दको वजेटखर्च विगतको भन्दा बढेको छ ।
५. दैनिक भ्रमणभत्ताको वजेट खर्च विगतको भन्दा घटेको छ ।
६. मरमत संभारको वजेट खर्च विगतको भन्दा बढेको छ ।
७. मितब्ययिताको कार्यक्रमको असरले कुनै बजेट बचत भै सरकारी कोषमा फिर्ता जम्मा हुने गरी हाल सम्म कुनै तथ्यांक प्राप्त नभएको ।

प्रेमप्रसाद सञ्जेल)
उप सचिव